राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 24, Issue 7 No. 172 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Magh 2081 (January/February-2025)

# नेपाल टेलिकमको २१औं वार्षिकोत्सव सम्पन्न




नेपाल टेलिकमले आफ्नो स्थापनाको एक्काइसौं वार्षिकोत्सव कार्यक्रम २०८१ माघ २२ गते सम्पन्न गरेको छ । कम्पनीको केन्द्रीय कार्यालयका साथै विभिन्न प्रादेशिक निर्देशनालय तथा दूरसञ्चार कार्यालयहरुमा विभिन्न कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव सम्पन्न गरिएको हो ।

कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् कम्पनी सञ्चालक समितिका अध्यक्ष राधिका अर्यालले अध्यक्षता गर्नुभएको थियो ।

समारोहमा कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नुहुँदै नेपाल टेलिकम सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थान मध्येकै सबैभन्दा गौरवशाली इतिहास बोकेको संस्था भएको उल्लेख गर्नुभयो । मन्त्री गुरुङले हाल दूरसञ्चार क्षेत्रमा बढ्दो चुनौतीसँगै नेपाल टेलिकमको समेत कार्यदक्षतामा परेको प्रभावको समीक्षा गर्दै सुधार गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो । उपभोक्ताको चाहना अनुरुप सेवाहरुको आधुनिकीकरण, विकास र परिमार्जन गर्दै सबै स्थानमा 4G सेवा पुऱ्याउनका लागि बदलिँदो परिवेशसँग सुहाउँदो सेवाका क्षेत्रहरु पहिचान गरी त्यसतर्फ ध्यान आकर्षण गर्न आग्रह गर्नुहुँदै मन्त्री गुरुङले नेपाल सरकारले समयसापेक्ष रुपमा दूरसञ्चार सम्बन्धी नीति नियममा परिमार्जन गर्दै टेलिकमको व्यवस्थित सञ्चालनका लागि सहयोग गर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा सेवामा उल्लेखनीय सुधार र आय वृद्धिको लागि सेवाको विस्तार सँगै गुणस्तर सुधारमा ध्यान दिन निर्देशन दिनुभयो ।

(बाँकी पृष्ठ ३ मा)

# कर्णाली प्रदेश-कपर प्रविधिमुक्त प्रदेश




नेपाल टेलिकमले प्रादेशिक निर्देशनालय, कर्णाली प्रदेश अन्तर्गत सञ्चालित पुरानो कपर प्रविधिको पीएसटीएन तथा एडीएसएल एक्सचेन्जहरुलाई आधुनिक एफटीटीएच (FTTH) प्रविधिको नेटवर्कमा स्तरोन्नति गरेको छ ।

डोल्पा जिल्लाको जुफाल एक्सचेन्जमा कपर प्रविधिबाट सञ्चालित पीएसटीएन र एडीएसएल लाइनहरुलाई आधुनिक फाइबर प्रविधिको एफटीटीएच (फाइबर टु द होम) नेटवर्कमा पूर्ण रुपमा माइग्रेसन गरी कपर नेटवर्क बन्द (सट डाउन) गरेसँगै कर्णाली प्रदेशका सम्पूर्ण स्थानका सेवा एफटीटीएचमा स्तरोन्नति भएको छ । कम्पनीको वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालयमा आयोजित समारोहमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले पुरानो कपर प्रविधिमार्फत सञ्चालित सेवा बन्द गर्नुभयो । यससँगै मन्त्री

(बाँकी पृष्ठ २ मा)

# कर्णालीका विकट स्थानमा टेलिकमको सेवा विस्तार

नेपाल टेलिकमले कम्पनीको २१ औं वार्षिकोत्सवको अवसरमा कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको चिङ्गाड गाउँपालिकास्थित खालीखर्क तथा डोल्पा जिल्लाको ठूलीभेरी नगरपालिका माझफालमा 4G सेवा सञ्चालनमा ल्याएको छ । 4G सेवा सञ्चालनमा आए पश्चात चिङ्गाड गाउँपालिका अन्तर्गतका रजेना, खालीखर्क, तुसारे, गगनधुरी, पाखापानी लगायतका क्षेत्रहरूका साथै ठूलीभेरी नगरपालिका वडा नं. ६ का दूरगाउँ, थरगाउँ, काँडाताली र सोही नगरपालिको वडा नं. ५ का माझफाल, लाहारा, हुँ, वडा नं. १० का परिला, शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय परिसर, कागेनी, साथै वडा नं. ११ को रह लगायतका अधिकांश क्षेत्रका सेवाग्राहीहरू पहिलो पटक 4G सेवाबाट लाभान्वित भएका छन् ।



खालीखर्क स्थित नेपाल टेलिकमको टावर




मुगुम कार्मारोङ स्थित नेपाल टेलिकमको टावर

यसअघि गत पौष १५ गतेदेखि मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिका -४ मा पनि कम्पनीले 4G सेवा सञ्चालनमा ल्याइसकेको छ । सेवा सञ्चालनमा आएसँगै उक्त गाउँपालिकाका सबै वडा अन्तर्गतका डोल्फु, पुलु, किम्री, कार्तिके, दारा र रिउसा लगायतका गाउँका बासिन्दा तथा सो क्षेत्रका पदमार्गहरुमा समेत सेवाग्राहीहरु पहिलोपटक नेपाल टेलिकमको 4G मोबाइल तथा डाटा सेवाबाट लाभान्वित भएका छन् ।

नेपाल टेलिकमले दुर्गम एवम् भौगोलिक रुपले अति विकट क्षेत्रहरुमा बसोबास गर्ने जनतालाई समेत अत्याधुनिक दूरसञ्चार सेवाको उपभोग गरी लाभ प्राप्त गर्न सक्ने गरी सेवाहरु उपलब्ध गराउने कार्यलाई सधैँ उच्च प्राथमिकतामा राख्दै आएको छ ।

# नेपाल टेलिकमको अन्तर्राष्ट्रिय डाटा रोमिङ प्याक

नेपाल टेलिकमले उपलब्ध गराईरहेका विभिन्न सेवाहरु मध्ये GSM International Roaming सेवा अन्तर्गत Data Roaming सेवा तर्फ हाल सञ्चालनमा रहेको Pay As You Go डाटा रोमिङ सेवाका साथसाथै ४८ वटा मुलुकमा Roaming Data Package खरिद गरी डाटा रोमिङ सेवा उपभोग गर्न मिल्ने ३ दिन समयावधि सहितको International Roaming Data Package को सुरुवात गरेको छ । भारतका लागि भने दैनिक, साप्ताहिक र मासिक रुपमा प्रयोग गर्न सकिने रोमिङ डाटा प्याकेजहरु उपलब्ध हुनेछन् । कम्पनीले एक्काइसौं वार्षिकोत्सवको अवसर पारेर अन्तर्राष्ट्रिय डाटा रोमिङ प्याकेजको सञ्चालन सुरु गरेको हो । कम्पनीले यी ४८ मुलुकलाई चार समूहमा विभाजन गरी फरक फरक दररेटमा समूह अनुसारको डाटा भोल्युम उपलब्ध गराएको छ । समूह अनुसार उपलब्ध हुने डाटा भोल्युम, दररेट र मुलुकहरुः




| S. No. | Package Name | Package Price including TSC and VAT (NPR) | Resource | Validity | Country |
|---|---|---|---|---|---|
| 1 | Group A Data Roaming Pack | 500 | 1 GB | 3 days | Kazakhstan, Norway, Thailand, Kuwait |
| 2 | Group B Data Roaming Pack | 500 | 500 MB | 3 days | Indonesia, Bangladesh, Vietnam, China |
| 3 | Group C Data Roaming Pack | 1000 | 500 MB | 3 days | Australia, Korea, Myanmar, Saudi Arabia, UAE, Albania, Czech Republic, Denmark, Germany, Hungary, Italy, Latvia, Malta, Oman, Poland, Portugal, Romania, Slovenia, Spain, Tanzania, Macau, Canada, Israel, South Africa, New Zealand, Sri Lanka, Austria, Lithuania, Netherlands, Ghana, Turkey |
| 4 | Group D Data Roaming Pack | 1000 | 200 MB | 3 days | Qatar, Sweden, France, Singapore, USA, Bahrain, Belgium, Luxembourg, Japan |

यी रोमिङ डाटा प्याकेज USSD कोड, NT APP र कम्पनीको Website बाट खरिद गर्न सकिन्छ । साथै यी प्याकेज आफ्नो आवश्यकता र चाहना अनुरुप कम्पनीका GSM ग्राहकहरुलाई Gift दिन मिल्ने सुविधा समेत उपलब्ध गराइएको छ ।

## कर्णाली प्रदेश कपर ...........

(पृष्ठ १ को बाँकी)

गुरुङले कर्णाली प्रदेशलाई कपर प्रविधिमुक्त प्रदेश घोषणा समेत गर्नुभयो ।

नेपाल टेलिकमले देशभर रहेका पुरानो कपर प्रविधिलाई विस्थापन गर्ने कार्यलाई जारी राखेको छ । यो कार्य नियमित रुपमा भइरहको छ र केही समय पछि देशभरका सम्पूर्ण कपर नेटवर्क फाइबर प्रविधिमा स्तरोन्नति हुनेछन् ।

# नेपाल टेलिकमको २१औं .............

(पृष्ठ १ को बाँकी)

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष राधिका अर्यालले सर्वसुलभ रूपमा आम उपभोक्ताहरूलाई गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्ने क्रममा देशका भौगोलिक रूपमा अत्यन्त विकट र दुर्गम स्थानमा समेत सेवाको पहुँच विस्तार गर्न नेपाल टेलिकमको योगदानको प्रशंसा गर्नुहुँदै आगामी दिनमा बजारको प्रतिस्पर्धा र ग्राहक वर्गको आवश्यकता बमोजिम सेवाको विविधीकरण गर्दै उचित बजारीकरण रणनीति अपनाएर ग्राहकका गुनासाहरुलाई शीघ्र सम्बोधन गर्न र कर्मचारी परिचालनमा तथा कार्य संस्कृतिमा समयानुकूल सुधार गर्दै अगाडि बढ्न आग्रह गर्नुभयो। साथै उहाँले समस्त देशवासीलाई दूरसञ्चार सेवाको सहज उपभोग गर्न पाउने अवस्थाको सुनिश्चितता गर्दै डिजिटल विभाजन न्यूनीकरण गर्दै मुलुकलाई डिजिटलाइजेसन गर्ने सरकारको योजनामा अझै योगदान गर्न कम्पनी सफल हुने विश्वास समेत व्यक्त गर्नुभयो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले दूरसञ्चार क्षेत्रमा नेपाल टेलिकम हालसम्म अग्रणी भूमिकामा रहेको र आगामी दिनमा पनि अग्रणी स्थानमा रहेर सेवा प्रदान गर्न सक्षम रहोस् भन्ने शुभकामना व्यक्त गर्दै सो को प्राप्तिका लागि कम्पनीलाई समय सापेक्ष सुधार गरेर अगाडि बढ्न र ग्राहक अनुभव तथा पृष्ठपोषणको विस्तृत अनुसन्धान गर्न आवश्यक रहेको बताउनुभयो ।

सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) लोक बहादुर कटुवालले आम कर्मचारी वृत्तिविकासको सुनिश्चितताको अवसरलाई खुला राख्न आग्रह गर्दै प्रतिस्पर्धी वातावरणमा कम्पनीको स्थायित्वको लागि मन्त्रालय लगायत नियामक निकायबाट कम्पनीका लागि आवश्यक नीति निर्माण गर्न र कम्पनीलाई अग्रणी दूरसञ्चार सेवाप्रदायकको रुपमा राखिरहन आवश्यक सहयोगको अपेक्षा गर्नुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले कम्पनीको समग्र अवस्थाका बारेमा छोटकारीमा जानकारी गराउँदै कम्पनीले मुलुकको ७७ वटै जिल्लामा फोरजी एलटीई प्रविधिमा आधारित मोबाइल र डाटा सेवा तथा अप्टिकल फाइवरमा आधारित एफटीटीएच सेवा सञ्चालनमा ल्याएपछि ग्राहक आधारमा निरन्तर वृद्धि भइरहेको र 4G डाटाको खपत उल्लेखनीय रूपमा वृद्धि भई हाल कुल मोबाइल डाटा खपतको ९०% भन्दा बढी हिस्सा 4G सेवाले ओगटेको बताउनु भयो । उहाँले ग्रामिण दूरसञ्चार विकास कोष मार्फत जडान भएका Optical Fiber Network हरुको सह-प्रयोगको थालनी गरिएको, हाइवे नेटवर्क सुधारको कार्य निरन्तर अगाडि बढिरहेको र यथाशीघ्र फाइभजी प्रविधि भित्र्याउने तर्फ प्राथमिकताका साथ कार्य भइरहेको समेत बताउनुभयो । साथसाथै वार्षिकोत्सवको अवसरमा सोही दिन देखि VoWiFi सेवा व्यावसायिक रुपमा सञ्चालनमा ल्याइएको र नेपाल टेलिकम एप र वेबसाइट मार्फत eSIM सहजै प्राप्त गर्न सकिने व्यवस्था मिलाइएकोले ग्राहकले अब eSIM लिनको को लागि काउन्टर सम्म धाउनुपर्ने अवस्थाको अन्त्य भएको जानकारी पनि दिनुभयो ।

कम्पनीले शिक्षा, स्वास्थ्य, सामाजिक विकास, वातावरण संरक्षण, प्रकोप व्यवस्थापन, गरिवी निवारण, उद्यमशीलता र खेलकुदका क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताउँदै प्रबन्ध निर्देशक पहाडीले सोही अन्तर्गत २०८१ सालको SEE परीक्षामा सहभागी हुने विकट क्षेत्रका सरकारी र सामुदायिक विद्यालयका २ लाख विद्यार्थीलाई अनलाइन माध्यमबाट निःशूल्क शिक्षा सेवा उपलब्ध गराउन सहयोग गरेको उल्लेख गर्नुहुँदै आगामी दिनमा देशका ३ अन्तर्राष्ट्रिय र ३१ आन्तरिक विमानस्थलमा निःशुल्क Wi-Fi सेवा उपलब्ध गराउने, विभिन्न सामुदायिक पुस्तकालयहरूमा इ-लाइब्रेरी सेवा उपलब्ध गराउने, दृष्टिविहिन र वृद्ध नागरिकलाई कम्प्युटर, सेतो छडी र थर्मस जस्ता उपयोगी सामग्री उपलब्ध गराउने, विगतमा जस्तै बाढी, पहिरो र भूकम्प आदि प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रलाई संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गर्ने तथा विशेष महत्वका पार्कहरू, धार्मिक एवम् सांस्कृतिक महत्वका स्थलहरुको सौन्दर्य र हरियाली वृद्धिमा सहयोग गर्ने कार्यलाई निरन्तरता दिइने समेत उल्लेख गर्नुभयो ।

कार्यक्रममा कम्पनीका सातै प्रदेशका प्रादेशिक निर्देशनालय, उप-प्रादेशिक निर्देशनालय नेपालगञ्ज र वायरलेस सेवा निर्देशनालयबाट सबैभन्दा बढी रकमको कारोबार गर्ने रिचार्जकार्ड बिक्रेताहरु, देशभरीबाट सबैभन्दा बढी MPoS रकमको कारोबार गर्ने डिलर तथा कम्पनीका विभिन्न सेवाको सबै भन्दा बढी राजस्व बुझाउने सेवाग्राहीहरुका साथै आइभीआर १९८ मा मर्मतका लागि गुनासो दर्ता भई सोही दिन अत्यधिक लाइन मर्मत गर्ने सातै प्रदेशका १/१ दूरसञ्चार कार्यालयलाई सम्मान गरिएको थियो । साथै, कम्पनीमा २० वर्ष सेवा स्थायी अवधि पूरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा पदक तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

एक्काइसौं वार्षिकोत्सवको अवसरमा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले कर्णाली प्रदेश अन्तर्गत सञ्चालनमा रहेको सम्पूर्ण कपर प्रविधिमा आधारित उपकरणलाई फाइबर प्रविधिमा रुपान्तरण गर्दै कर्णाली प्रदेशलाई कपर प्रविधि मुक्त घोषणा गर्नुभयो । साथै उहाँले सोही दिनबाट व्यावसायिक रुपमा सञ्चालनमा ल्याइएको VoWiFi सेवाको समेत शुभारम्भ गर्नुभयो ।




यसै अवसरमा कम्पनीले कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको चिङ्गाड गाउँपालिकाको खालीखर्क तथा डोल्पा जिल्लाको ठूली भेरी नगरपालिकामा 4G सेवाका बीटीएस स्थापना गरी सेवा सञ्चालन गरेको छ । वार्षिकोत्सवकै अवसर पारेर कम्पनीको Network Monitoring तथा मर्मत सेवा (iN) र Backbone Optical Fiber Maintenance २४ घण्टा नै सञ्चालनका साथसाथै फाइबर मर्मत सेवा बिहान ७ बजेदेखि राति ११ बजेसम्म गरिने व्यबस्था समेत मिलाइएको छ ।

कम्पनीले वार्षिकोत्सवको अवसरमा अन्तर्राष्ट्रिय डाटा रोमिङ प्याकेजको सञ्चालन सुरु गर्नुका साथै ग्राहकहरुका लागि विभिन्न आकर्षक Anniversary Package हरु उपलब्ध गराएको छ । *1415*11# डायल गरेर वा NT App तथा कम्पनीको वेबपेज मार्फत उक्त प्याकेजहरु खरिद गर्न सकिनेछ ।

# नेपाल टेलिकमको NT VoWiFi

VoWifi
Voice Over Wifi

नेपाल टेलिकमले कम्पनीको वार्षिकोत्सवको अवसर पारेर यही माघ २२ गतेदेखि NT VoWiFi सेवाको सुरुवात गरेको छ ।

यस प्रविधि मार्फत VoWiFi Support गर्ने र VoLTE सेवा Activate भएको जुनसुकै मोबाइलबाट देश भित्र तथा देश वाहिरबाट Wi-Fi network मार्फत नेपाल टेलिकमकै Mobile Number बाट voice तथा SMS सेवा प्रयोग गर्न सकिनेछ ।

नेपालमा नै पहिलोपटक नेपाल टेलिकमले आफ्ना सेवाग्राहीलाई भ्वाइस तथा डाटा सेवाको गुणस्तर अभिवृद्धिको अनुभूति हुने किसिमले सुरुवात गरेको यस सेवाका बारेमा जनमानसमा निकै कौतुहलता देखिएको छ । यस बिषयमा बारम्बार सोधिने प्रश्न र तिनका उत्तर:

## NT VoWiFi भनेको के हो ?

VoWiFi (Voice over Wi-Fi) एक नवीनतम् सञ्चार प्रविधि हो, जसमा मोबाइल नेटवर्कको सट्टा Wi-Fi नेटवर्कको प्रयोग गरेर भ्वाइस कल तथा SMS आदानप्रदान गर्न सकिन्छ । मोबाइल नेटवर्क कभरेज कम भएको अवस्थामा पनि VoWiFi को प्रयोग गरेर कम खर्चमा गुणस्तरीय भ्वाइस तथा SMS सेवा उपभोग गर्न सकिन्छ ।

## VoWiFi कसरी प्रयोग गर्ने ?

सवैभन्दा पहिले आफ्नो मोबाइल सेटमा VoWiFi सुविधा उपलब्ध भए/नभएको एकिन गरिसकेपछि Setting का लागि आफ्नो मोबाइल सेट अनुसार तलको प्रकृया अपनाउनुहोस्:

**iPhone को लागि:**

- Settings > Cellular/Phone > Wi-Fi Calling > ON

**Android को लागि:**

- Settings > Connections > VoWiFi/Wi-Fi Calling > ON

१. Wi-Fi नेटवर्कसँग कनेक्टेड हुनुहोस् ।

२. VoLTE एक्टिभेट भए/नभएको एकिन गर्नुहोस् । नभएको भए *444*2# डायल गरेर एक्टिभेट गर्नुहोस् ।

३. अब तपाईंले NT VoWiFi बाट कल तथा SMS सुविधा लिन सक्नुहुनेछ ।

## VoWiFi प्रयोग गर्नुका के-के फाइदाहरु छन् ?

- NT VoWiFi सेवाले प्रयोगकर्ताका लागि HD भ्वाइस सुविधा प्रदान गर्दछ । यसबाट स्पष्ट अडियो र भ्वाइस आदानप्रदान गर्न सकिन्छ ।
- कहिलेकाहीं मोबाइल नेटवर्क कमजोर हुने स्थानहरूमा VoWiFi राम्रो विकल्प हुन सक्छ। जस्तै, घर वा अफिसका भित्री स्थानहरू, मोबाइल कभरेज नभएका वा कमजोर भएका स्थानहरु ।
- विदेश जाँदा VoWiFi को माध्यमद्वारा नेपाल टेलिकमकै सिमबाट कल गर्न तथा SMS पठाउन एकदमै सुलभ र सहज हुने हुँदा विदेशी सिम लिने झन्झटबाट मुक्त हुनुका साथै खर्चको बचत समेत हुन्छ ।

## VoWiFi कुन-कुन मोबाइल सेटहरूले सपोर्ट गर्छन् ?

सबै मोबाइल सेटहरूले VoWiFi सपोर्ट नगर्न सक्छन् । VoWiFi प्राय: आधुनिक स्मार्टफोनहरूले मात्र सपोर्ट गर्दछन् ।

VoWiFi सपोर्ट गर्ने मोबाइल सेटका केही उदाहरणहरू यस प्रकार छन्:

१. Apple: iPhone XR र त्यसपछिका सबै iPhones (iOS 9 र सोपछिका)

२. Android:

- Xiaomi का सन् २०२२ पछिका Mi / Redmi स्मार्टफोनहरू
- Infinix / Tecno का सन् २०२२ पछिका स्मार्टफोनहरू
- Benco का नयाँ मोडेलका केही स्मार्टफोनहरू

यसका साथै Samsung, OnePlus, Vivo, Oppo, Realme लगायतका अन्य स्मार्टफोनहरूमा पनि छिट्टै VoWiFi सेवा उपलब्ध हुनेछ ।

## NT VoWiFi को शुल्क कति पर्दछ ?

हाललाई नेपाल भित्रबाट यो सेवा प्रयोग गर्दा साविक Packages को Voice/SMS Resources तथा Pay As You Go बराबर सेवा शुल्क लाग्नेछ भने नेपाल बाहिरबाट सेवा प्रयोग गर्दा Incoming call नि:शुल्क तथा Outgoing Call को रु. ३ प्रतिमिनेट शुल्क लाग्नेछ ।

# अनलिमिटेड टिकटक प्याकेज




नेपाल टेलिकमले आफ्नो वार्षिकोत्सवको अवसरमा यही माघ २२ गतेदेखि लागु हुनेगरी अनलिमिटेड टिकटक प्याकेज सञ्चालनमा ल्याएको छ । कम्पनीले आफ्ना सेवाग्राहीका लागि करसहित रु. ४८ मा एक दिनको समयावधि सहितको डेल्ली अनलिमिटेड टिकटक प्याकेज र रु. १७० मा सात दिनको समयावधि सहितको विक्ली अनलिमिटेड टिकटक प्याकेज उपलब्ध गराएको हो ।

| S.N | Package | Resources | Main Data | Validity (days) | NRs. Tariff (Inclusive of Tax) |
|---|---|---|---|---|---|
| 1 | Daily Tiktok Package | 20 GB @ 5Mbps/ After 20GB FUP, throttling speed 1 Mbps | 1 GB | 1 | 48 |
| 2 | Weekly Tiktok Package | Daily 20 GB @ 5Mbps/ After 20GB FUP, throttling speed 2 Mbps | 3 GB | 7 | 170 |


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा

E-mail: ntc.news@ntc.net.np फोन: ४२१०३७८, मासिक रुपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website: www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by : Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Hari Dhakal Joint Co-ordinator : Navin Kumar Mishra

Editor : Santosh Khanal
Editorial Team : Meghanath Dhakal